नेपाल राष्ट्र बैंक
बैंकिङ्ग कार्यालय
थापाथली, काठमाण्डौंको

# चमेनागृह संचालन गराउने बारेको
# द्वयखाम प्रणाली अन्तर्गत सिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०६७।०४।०३ )

यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीमा निजी क्षेत्रबाट चमेनागृह संचालन गराउनु पर्ने भएकोले उपरोक्त व्यवसायमा संलग्न इच्छुक रजिष्टर्ड कंपनी/फर्म/संगठित संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचनाप्रकाशित गरिएको छ ।

१। बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि पन्ध्रौं दिन (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को १२:३० बजेसम्म यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीबाट रु.५००।((रु. पांच सय पछि फिर्ता नहुने) तिरी खरीद गर्न सकिनेछ ।

२। बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को अपरान्ह ३:०० बजेभित्र यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथलीमा दाखिला भई सक्नु पर्नेछ ।

३। उक्त कार्यको प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी प्राविधिक प्रस्ताव वा आर्थिक प्रस्ताव के हो उल्लेख गरी सिलवन्दी गरी दुवै सिलवन्दी खामलाई पुन: अर्को खामभित्र राखी सिलवन्दी गरी पेश गर्नु पर्नेछ ।

४। बोलपत्र फारामको आर्थिक प्रस्ताव साथ विडवण्ड वापत रु.१२,५००।०० यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथली स्थित स.के.हि. बिल्स(धरौटी) मा नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम दिनले न्युनतम १२० दिन अवधि भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

५। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सो दिन विदा परेमा कार्यालय खुलेको दिन) दिउँसो १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिनेछ ।

६। बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए अनुसार हुनेछन् ।

७। यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, थापाथलीमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
बैंकिङ्ग कार्यालय
थापाथली